नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
स.नि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४१ अंक ३७ २०८० साल बैशाख २४ गते आइतवार (7 May 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** भुटानी शरणार्थी काण्ड : ... **पृष्ठ ३ मा :** सजिलै हाड भाँचिने समस्या ... **पृष्ठ ४ मा :** सवारी दुर्घटनामा एक बालक, चार बालिकासहित ... **पृष्ठ ५ मा :** बैरवामा आगलागि हुँदा ...

## ३५ प्रतिशत उद्योगि ब्यवसायीका सटरहरु बन्द : केन्द्रिय सदस्य प्रधान



**राजविराज**/नेपाल उद्योग बाणिज्य संघका नवनिर्वाचित केन्द्रिय सदस्य अरुण प्रधानले उद्योगबाट उत्पादिन बस्तुको बिक्रि बितरण हुन नसकेको तथा कारोबार घट्दै जाँदा अहिले ३५ प्रतिशत उद्योगि ब्यवसायीका सटरहरु बन्द भएको बताएका छन् ।

सप्तरी उद्योग बाणिज्य संघको आयोजनामा शनिबार उनको सम्मानमा राजबिराजमा आयोजित कार्यक्रममा बोल्दै केन्द्रिय सदस्य प्रधानले यस्तो कुरा बताएका हुन् ।

आर्थिक मन्दी तथा बढ्दो ब्याजदरका कारण अहिले उद्योगि ब्यवसायीको अवस्था पानी बिनाको माछा जस्तै भएको भन्दै उनले आयातमूखी अर्थतन्त्र भएको मुलुकमा बैंक तथा सरकारको गतिबिधी उद्योगि, ब्यवासायी बिरुद्ध भएको दाबी गरे । उनले सरकार ब्यवसायी मारा नीति होइन, ब्यवसायीमैत्री नीति ल्याउनु पर्नेमा जोड दिए ।

"आर्थिक मन्दी तथा सरकारद्वारा पटक पटक गरिएको कर परिवर्तनले उद्योग ब्यवसाय धरासायी बन्दै गएको छ, उनले भने, यस्तो बेला बैंक तथा बित्तिय संस्थाको गतिविधीका कारण ब्यवसायीहरु थप आर्थिक, सामाजिक तथा मानसिक तनाव खेप्न बाध्य भएका छन् ।"

उनले बैंक तथा बित्तिय संस्थाले एक अंकको ब्याजदर कायम गर्ने सहमति बिपरित १८ प्रतिशतसम्म ब्याज कायम गरि उद्योगि ब्यवसायीलाई पानी बिनाको माछा जस्तै अवस्थामा पुऱ्याएको भन्दै असन्तुष्टि जनाए ।

कार्यक्रममा स्थानिय प्रशासन, राजनीतिक दलका प्रतिनिधि तथा अधिकांश पालिकाका प्रमुखहरुको न्युन उपस्थिती देखेर खिन्न भएका उनले सरकार एवं राजनीतिक नेतृत्व समेत उद्योगि ब्यवसायीका समस्याप्रति संवेदनशिल नभएको जनाए ।

हामीले बुझाएको करबाट सरकारका गतिबिधी संचालन हुने तर, हामीलाई समस्या पर्दा कुनै सुनुवाई नहुने भन्दै उनले यो तरिकाले मुलुक सम्बृद्धिको दिशामा बढ्न नसक्ने जिकिर गरे । उनले आफुलाई निर्वाचित गरि पठाउनेहरुले गुण लगाएको भन्दै सबैप्रति आभार ब्यक्त गर्दै उद्योगि ब्यवसायीहरुको समस्या संगठित रुपमा उठाउन आफूले सक्दो पहल गर्ने प्रतिबद्धता समेत जनाए ।

सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवालको अध्यक्षतमा आयोजित कार्यक्रममा प्रमुख अतिथि राजविराज नगरपालिकाका कार्यबाहक प्रमुख इसरत परबिन, पूर्वनगर प्रमुख शैलेश चौधरी, संघका पूर्वअध्यक्ष मनोज मुन्धडा, पत्रकार महासंघका अध्यक्ष श्रवण देब, कानुन ब्यवसायी रामकुमार यादवलगायतले पनि बोल्दै संकटमा परेको उद्योग ब्यवसायलाई माथी उकास्न सरकारले अविलम्ब ब्यवसायमैत्री नीति तथा कार्यक्रम ल्याउनु पर्नेमा जोड दिएका छन् ।

## ५४ तोला सुन र साढे सात लाख भारतीय रुपैयाँसहित श्रीमान श्रीमती पक्राउ

**बिराटनगर**/बिराटनगरबाट अवैध ५४ तोला सुन र साढे सात लाख भारतीय रुपैयाँ बरामद गरेको छ । प्रहरीले सुन र नगदसहित कारोबारमा संलग्न २ जनालाई पनि पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारतीय नागरिक बिनोद मुरारका र उनकी श्रीमती पुष्पा मुरारका छन् । बिनोद मुरारका बिराटनगरको केएल दुगर समूहका लेखापाल हुन् । पुष्पा भने नेपाली नागरिक हुन् । उनीहरूको साथबाट ८ किलो चाँदी पनि बरामद भएको छ । प्रहरीले उनीहरूलाई शुक्रबार साँझ पक्राउ गरेको हो ।

को २ च १४९५ नम्बरको कारमा भारत लैजाने प्रयास गर्दा उनीहरू पक्राउ परेका हुन् । बरामद सुन र चाँदीको मूल्य ९० लाख बराबरको रहेको छ । कोशी प्रदेश प्रहरी प्रमुख राजेशनाथ बाँस्तोलाले दिएको जानकारी अनुसार थप अनुसन्धान भइरहेको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

## कोभिड १९ बाट ७६ जना संक्रमित

**काठमाडौँ**/पछिल्लो २४ घन्टामा ७६ जना कोभिड-१९ बाट सङ्क्रमित भएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीर अधिकारीका अनुसार १ हजार ६ सय ३ जनाको नमूना परीक्षण गर्दा ७६ जनामा सङ्क्रमण देखिएको हो ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक सय ३७ रहेको छ । संस्थागत आइसोलेसनमा २४ र सघन उपचार कक्षमा १२ जना रहेका छन् ।

यस्तै, मन्त्रालयले खोप लगाउन छुटेका पाँच वर्षमुनिका सबै बालबालिकाका लागि आइतबार नियमित खोप दिइने जानकारी दिएको छ ।

देशभरका सबै सरकारी स्वास्थ्य संस्थाबाट राष्ट्रिय खोप तालिकाअनुसार १५ महिनाभित्रमा लगाउनुपर्ने नियमित खोप छुटेका पाँच वर्षमुनिका सबै बालबालिकालाई खोप लगाउने कार्यक्रम रहेको छ ।

## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### उद्योगि, ब्यापारीको समस्याप्रति सरकार गम्भिर बन

अहिले नेपालमा आर्थिक मन्दीको समय चलिरहेको छ । जसकारण यहाँका उद्योग व्यवसायी धरापमा परेका छन् । झण्डै ३५ प्रतिशत उद्योगि, ब्यापारीहरुको सटर बन्द भइसकेका छन् । मुलुकको मुख्य सहरहरु काठमाडौं, बुटवलमा व्यापारमा घाटा भएको भन्दै अधिकांश व्यापारीहरुले सटर बन्द गरिसकेका छन् । यता बैंकले दिनप्रतिदिन ब्याजदर बढाउँदै जाँदा व्यापारहरु झनै मर्कामा परेका छन् । एक त व्यापार नचलेको अवस्था त्यसमा पनि ब्याजदर बढ्नुले उनीहरु ऋणको मारमा पर्दै गएका छन् ।

यसरी सरकारको मौद्रिक नीति असफल भइरहेको बेला व्यापारीहरु पनि त्यसकै चपेटमा परेका छन् । सरकारले दिनहु बैंक तथा कित्तिय संस्थाहरुको ब्याजदरमा बढौत्तरी गर्दै जाँदा उनीहरु ऋणको बोझमा झनै डुबिरहेका छन् । एउटा ठोस नीति कायम गर्न नसक्दा सरकारको ढुलमुले नीतिले ब्यापारी झनै पीडित बनेका छन् ।

तसर्थ उद्योगी ब्यापारीहरुको हाकहीतका लागि सरकारले एउटा ठोस दिशानिर्देश तयार पारि मुलुकलाई आर्थिक संकटबाट निकास दिन तत्परता देखाउनु आवश्यक छ । दिर्घकालिन नीति बनाएर उद्योगी ब्यापारीहरुलाई यस्तो संकटबाट निकास दिन सरकार गम्भिर बन्नु पर्ने अहिलेको आवश्यकता हो ।

# भुटानी शरणार्थी काण्ड : लहरो तान्दा पहरो हल्लेला ?

**डा. बद्रीप्रकाश ओझा**

'पूर्वमन्त्री रायमाझीको छोरो प्रकरणले धेरैलाई तर्सायो होला, तर यो विषय बीचैमा सेलाउँछ, लेखेर राख्नुहोला, नत्र फेरि कुरा गरौँला । हाम्रो छिमेकमा चियागफका क्रममा एक अपरिचितले भने । परिचय माग्दा यसै बसिखान्छु भन्ने जवाफ दिए ।

उनले आफ्नो कुरालाई बलियो बनाउन पञ्चायतकालका दूधकाण्ड, सुनकाण्ड, नमिता-सुनिता काण्ड, बहुदलपछिका लाउडादेखि बाइडबडी आदि काण्डको सूची प्रस्तुत गरे । अन्त्यमा भने, 'ललिता निवासमा दोषी ठहरिएका नेताहरूलाई केही भो ?'



हामी बबुरा उनको चुरोटको सर्को र धाराप्रवाह गफमा मन्त्रमुग्ध । कुरैकुरामा उनले एउटा खाँटी कुरा निकाले, त्यो थियो, भुटानी शरणार्थीकाण्ड ।

सन् १९८९ मा भुटानमा राजाबिरोधी आन्दोलन सुरु भयो । टेकनाथ रिजाल लगायतका केही नेता भागेर नेपाल पसे । हामी कलेज पढ्थ्यौं । एक्कासि हाम्रो घर (झापाको बुद्धशान्ति) नजिकैका धेरै छिमेकीले घर बेचे । ती सबै घर भुटानी शरणार्थीले किनेका थिए । किन्नेमा टेकनाथ पनि थिए ।

त्यतिबेला भुटानबाट आउनेलाई गाउँमा भोटाँगे भन्थे । भुटानमा गोवध चल्छ भनेर उताबाट आएकालाई अलि बेग्लै किसिमले हेरिन्थ्यो । धनीमानी र यसो नाम चलेकाहरू सुटुक्क नेपाल पस्थे, पहाड जान्थे, आफन्तहरू गुहारेर नागरिकता लिन्थे र झापामा जग्गा किन्थे ।

सुरुमा आउनेमध्येका थिए, टेकनाथ रिजाल । उनी तत्कालीन भुटानका मन्त्री रहेछन् । हाम्रोमा पञ्चायत बाँकी नै थियो । एकरात प्रहरीले टेकनाथलाई पक्राउ गरेछ । हामीलाई भोलिपल्ट थाहा भयो । त्यतिबेला सार्क राष्ट्रबीच आतंकवादी सुपुर्दगी सन्धि लागू भएको थियो । सोही सन्धिअन्तर्गत नेपाल प्रहरीले पक्राउ गरी टेकनाथलाई भुटान सुपुर्दगी गर्‍यो । उनलाई चरम यातना दियो भन्नेमा शंका छैन ।

त्यसताका हाम्रा गाउँमा आउनेमध्येका एक छिमेकी भए, भण्डारी मामा । उनी पनि भोटाँगे नै हुन् । पाँचथर गएर उनले आफ्ना काकाबाबुहरूसँग हारगुहार गरेर नागरिकता बनाए । त्यतिबेलासम्म भुटानमा आन्दोलन सुरु नै भने भएको रहेनछ । त्यसअघि पनि भण्डारी मामाका छोराहरू छुट्टीमा भुटानबाट नेपाल आउँथे । उनीहरुले छोएको भण्डारी दम्पतीले खाँदैनथे, कारण थियो, उनीहरू स्कुल पढ्थे ।

भुटान सरकारले निःशुल्क शिक्षा दिन्थ्यो, तर गाईगोरुको मासु खानुपर्ने । मैले सोधेँ- खान्न भन्न पाइँदैन मामा ? उनले जवाफ दिए- पाइन्छ तर मासु खाने भनेपछि खसी, कुखुरा, गाईगोरु, सुँगुर जेको भए पनि खानुपर्ने । रोज्न पाइने तर एउटै डाडुले पस्किने ।

त्यसैले उनी श्रीवैष्णव भएका रहेछन् । शाकाहारी भनेपछि फेरि अलग खान पाइने रहेछ । ती मामाका अनुसार, त्यति बेलासम्म भोटाँगेहरू रेडियो नेपालकै समाचार सुन्थे, छिटपुट पुगेको गोरखापत्र पढ्थे । राजा पनि नेपालकै मान्थे । उता भुटानको राजालाई त मान्नैपर्ने थियो । उताकालाई सानु राजा र यताकालाई ठूलो राजा मान्थे ।

गाईगोरुको मासु खान परोस्, नेपाली भाषामै बोल्न पाइयोस् र दौरासुरुवाल लगाउन पाइयोस् भन्ने मात्र उनीहरुको माग रहेछ । पछि यसैलाई प्रजातान्त्रिक आन्दोलनको रूप दिइयो । खासगरी नेपालमा २०४६ मा आन्दोलन भएपछि भुटानी नेपालीलाई ढाडस मिल्यो ।

भुटानले देश निकाला गरेपछि लगालग भारतीय ट्रकले नेपाली मूलका भुटानीलाई मेची पुलसम्म ल्याएर छोड्न थाल्यो । एक-दुई दिन सरकारले पनि थाहा पाएन । पाँच-सात हजार भुटानी आएपछि सरकारले बाटो छेक्यो र शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्च आयोगले उनीहरूलाई आश्रय दियो ।

लामो समयसम्म भुटानीलाई फर्काउने नेपालको प्रयास विफल भएपछि करिब लाखको हाराहारीमा दुई दशकदेखि नेपालमा बसोबास गर्दै आएका भुटानीलाई बिभिन्न मुलुकले नागरिकता प्रदान गरी स्थायी बसोबासको प्रस्ताव राखे । केही भुटानीले यो प्रस्ताव स्वीकार गरेनन् र अझै पनि झापाका केही शिबिरमा उनीहरू नातिनातिना खेलाएर बसेका छन् । खासगरी आन्दोलनलाई साथ दिने एक तहका नेता-कार्यकर्ता र उता भुटानमा गाईगोरुको मासु खानुपर्छ भन्ने त्रासमा हुर्केको ज्येष्ठ पुस्ता विदेश जान मानेनन् ।

अब खेल सुरु भयो । यो क्रम अझै जारी रहेछ भन्ने रायमाझी पुत्रको पक्राउपछि थप प्रस्ट भएको छ । हुँदाहुँदा एकजना अध्यागमनका खरिदारले त तातोपानीबाट सरसमानका बोरामा ल्याइएका एक सय ३० जना तिब्बती शरणार्थीलाई पनि भुटानी निस्सा बनाइदिएर शरणार्थी शिबिरमा पठाइदिएछन् । यो मैले आरोप लगाएको होइन, उनले नै भनेका हुन् । 'जनही एक लाखका दरले रकम लिई त्यतिबेला एक करोड ३० लाख कमाइयो,' उनी अझै पनि हर्षित मुद्रामा भन्छन्, 'सोमध्ये ३० लाख माथिसम्म टक्र्याइयो, दुई-चार लाख मोजमस्तीमा खर्चियो र बाँकी सेयरमा हालियो । पछि सेयर यसरी बढेर गयो कि काठमाडौंमा १० रोपनी त जग्गै जोडियो ।'

आईओएममा काम गर्नेहरूका अनुसार, त्यतिबेला नेपालीसँग विवाह गरी नेपालकै नागरिकता लिएका महिला पनि शरणार्थी हैसियतमा विदेश गए । भुटानी शरणार्थी केटी बिहे गरेर उनलाई समेत नेपालीकरण गरी नेपाली नागरिकता प्राप्त गरिसकेपछि पनि शरणार्थीकै हैसियतमा सपरिवार विदेश गए । आसाम, मेघालय, बर्मा, दार्जिलिङ, सिक्किमतिरबाट नेपाल आएका केही टाठाबाठा पनि शरणार्थी शिविरमा बसेर विदेश गए । हुँदाहुँदा एकजना साथीले त यस्तोसम्म बेहोरेछ कि छँदाखाँदाकी पत्नीसँग पारपाचुके गरेर शरणार्थी केटीसँग बिहे गरेर अमेरिका जानुपर्ने र छोडेकी पत्नी पनि अर्को भुटानीसँग बिहे गरेर अमेरिका जानुपर्ने, फेरि उता आदचस्–आफ्नो परिवार छँदैछ । कतिपय यहाँ उल्लेख पनि गर्न नसकिने गरी हाडनातामै कागजी बिहे गरेर विदेश गए ।

यी खेलहरू राजनीतिक टेकोबिना भए होला त ? यो समस्या तबसम्म रहन्छ, जबसम्म नेपालमा भुटानी शरणार्थी रहन्छन् । भलै अहिले रायमाझीका बाबुछोरा र तत्कालीन गृहमन्त्रीको समेत नाम जोडिएको छ । त्यसअघिका गृहमन्त्रीले यस्तो काम नगरेका होलान् त ?

त्यसैले अब यस काण्डले लहरो समात्यो, अब पहरो गर्जेला जस्तो छ । त्यतिबेला ती भुटानीलाई नागरिकताका लागि सिफारिस गर्ने तथा उक्त सिफारिसका आधारमा नागरिकता दिनेलाई कारबाही होला कि नहोला ?

मलाई रायमाझीका बाबुछोराको माया लागेर वा मेरा आफन्त भएर प्रश्न उठाएको होइन । म व्यक्तिगत रूपमा चिन्दा पनि चिन्दिनँ । अनि यसअघि भएका राजनीतिक टेकोमा भएका तमाम घोटालालाई थाँती राखेर अहिले किन यो प्रश्न उठ्यो ?

ललिता निवासकाण्डमा एकजना पूर्वप्रधानमन्त्रीलाई जेल पठाउने षड्यन्त्र भएको ठोकुवा गर्ने एक उच्च कांग्रेसी नेताले टिकट नै नपाएको जगजाहेरै छ । ठीक छ, एउटा असल कार्यको सुरुवात भयो । अब राज्यले बिनापूर्वाग्रह यस्ता कार्यमाथि छानबिन गरोस् र दोषीमाथि कारबाही गरोस् । सबै काण्डका फाइल खोलिऊन् । नेपालीको पनि यही चाहना पक्कै छ । रातोपाटीबाट

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सजिलै हाड भाँचिने समस्या 'ओस्टियोजेनेसिस इम्पर्फेक्टा' र विसबोन डे

**खिम लामिछाने काजी**

सजिलै भाँचिन सक्ने जोखिम भएको अवस्थालाई मेडिकल टर्ममा अस्टियोजेनेसिस इम्पर्फक्टा अर्थात् ओआई भनिन्छ। ओआई आफैंमा रोग होइन, शरीरका हड्डी कमजोर हुने एक अवस्था मात्र हो। भनेर भन्ने गरिएको छ।

पहिले पहिले यो अवस्थालाई रोग भनेर भन्ने गरिन्थ्यो तर आजकल यसलाई रोग नभएर 'सजिलै हाड भाचिने अवस्था हो' भन्ने गरिन्छ। कतिपय देशहरुमा कुनै विशेष रोग भनेर किटान भएका, पहिचान हुन नसकेका र शरीरिक अवस्थालाई समेत रोग मानिएको पाइन्छ। यद्यपि, कतिपय डाक्टर ओआई भएका मानिस र उसका आफन्त ओआइलाई रोग मान्न तयार छैनन्। त्यसैले सर्वसाधारणले बुझ्न सकुन भन्ने भन्ने अभिप्रायले ओआईलाई 'सजिलै हाड भाँचिन सक्ने रोग' भन्ने गरिएको हो। तर मेडिकल टर्मिनोलोजी अनुसार 'बोन डिसअर्डर' अर्थात् 'हड्डीको अवस्था सामान्य नभएको' अवस्था हो।

ओआई भएका कतिपय मानिसका साझा अनुभवमा चाहिँ उनीहरुलाई बिरामी वा रोगी भन्दा मानसिक रुपमा असक्षम र परनिर्भर भएको अनुभुति हुन्छ। उनीहरु भन्छन्- वास्तवमा हामीहरु रोगी होइनौं। शरीरका विभिन्न अंगमध्ये हाड मात्र हाम्रो कमजोर हो, सोच्ने शक्ति त कमजोर छैन नि! हाड नभाचिँदाको अवस्थासम्म त हामी अरु व्यक्तिसरह नै हुन्छौं। हाड भाँचिनु पनि आँफैमा रोग होइन। तर ओआईका कारणले अन्य रोगहरु जस्तै कान कम सुन्ने, श्वासप्रश्वाससम्बधी रोगको लाग्न सक्नेलगयतका अन्य जटिलता उत्पन्न हुन सक्दछन्। तर ओआई भने आँफैमा रोग होइन।

अवस्थाका आधारमा ओआई ८ प्रकारका हुन्छन्। यीमध्ये कुनै सामान्य छन् भने कुनै निकै जटिल हुन्छन्। विशेषगरी, बंशाणुगत प्रक्रियाबाट हुने भएकोले कुनैकुनै बालबालिका त गर्भमा नै हड्डी कमजोर भएर जन्मेका हुन्छन्। हड्डी कमजोरी भएसँगै अन्य शरीरिक जटिलता पनि बढ्दै जान्छ।

लाखौं हजारौं बच्चा जन्मदा कुनै एक बच्चामा ओआई देखिन सक्छ। गर्भमा नै कमजोर हड्डी लिएर जन्मनेहरु निकै कम छन्।

धेरै मानिसलाई त यो के रोग हो वा अवस्था हो भन्नेबारे कुनै जानकारी नै हुँदैन। उनीहरूले रोग नै ठानेका हुन्छन् तर त्यसको उपचार अहिलेसम्म पत्ता लागेको छैन। यो अवस्थामा जिउन बाध्य भएकाहरुलाई सहज रूपमा जीवनयापन गर्न सजिलो होस् भन्ने हेतुले विभिन्न उपकरणको विकास गरिएको छ। त्यसैगरी कतिपय शल्यचिकित्सामार्फत् शरीरका विभिन्न अंगमा रड राखेर हिंड्डुल गर्न सजिलो बनाउने गरिन्छ। कतिपयले ह्विलचेयर प्रयोग गर्नुपर्ने हुन्छ।

सजिलै हाड भाँचिने रोग अर्थात् ओआई भएकाहरुको हाड कमजोर हुन्छ। सानोतिनो चोटपटकले पनि शरीरका हाडहरु भाँचिन सक्छन्। विशेषगरी, यो बंशाणुगतका कारणबाट भएता पनि कहिलेकाँही स्वतः आनुवांशिक गुणमा परिवर्तन हुँदा पनि यो अवस्था आउन सक्छ। कुनै कुनै बालबालिकाकाको हाड गर्भमा नै भाँचिएको हुन्छ तर सामान्यतया बच्चा ठुलो हँदै जाँदा हाड भाँचिने क्रम दोहोरिन सक्छ। यसबारे जनचेतना जगाउन र ओआइको पहिचान समय नै होस् भन्ने हेतुले संसारभर अङ्ग्रेजी महिनाको मे ६ का दिन ओआइ दिवस मनाउने गरिन्छ। यसलाई 'विस बोन डे' भन्ने गरिन्छ। यो दिन पहेँलो कपडा लगाउने चलन पनि छ।

विसबोनको शब्दिक अर्थ 'बलियो हड्डीको कामना' भन्ने हुन्छ। हड्डी नभाचियोस् र जोगाउन के-के गर्न सकिन्छ भन्ने जानकारी दिने उदेश्यले यो विसबोन डे संसारभर मनाउने गरिएको हो। नेपालमा ओआई भएका धेरै ब्यक्तीहरु भएपनि पहिचान हुन नसक्दा अकालमा जीवन गुमाउनु परेको र ओआईबारे जानकारी बिना नै मृत्यु भएका घटना पनि धेरै छन्। त्यसैगरी ओआईको अवस्थामा भएका व्यक्तिलाई उचित स्याहार-सुसार र व्यवस्थापना हुन नसकेर साह्रै दुःख कष्ट झेल्नु परिरहेको छ।

बालबालिकाहरू विद्यालय पढ्दा होस् या घर परिवारभित्रै खेल्दा होस् हाड भाचिने सम्भावना बढी हुन्छ। यदि यो अवस्थाको बारेमा सामान्य जानकारी भयो भने पनि सतर्क हुन सकिन्छ। अन्य बालबालिकालेझैं हिडडुल र खेलकुदमा रोक लगाउन सकिन्छ। साना बच्चाहरुलाई आफ्नो अवस्थाका बारे थाहा हुँदैन। यो अवस्थामा ओआई भएका बच्चासँग प्रत्यक्ष सम्बन्ध राख्नेहरुले यसबारे जानकारी लिनु अत्यावश्यक हुन्छ।

'ओस्टियोजेनेसिस इम्पर्फेक्टा' २० देखि २५ हजार जीवित जन्ममा एक जनामा हुन सक्छ भन्ने कुरा अनुसन्धानबाट पत्ता लागेको छ। तर नेपालजस्तो अल्पविकसित देशमा यो अवस्था पहिचान हुन गाह्रो छ। क्लिनिकल्ली तथा विभिन्न जाँचहरु (जस्तै रगत, छाला, एक्स-रे, डिएनए परिक्षण) गरी यो रोगको पहिचान गर्ने गरिन्छ।

शरीरका विभिन्न हाडहरु बिना चोटपटक भाँचिइरहन्छन् भने ओआई भएको आशंका गरिन्छ। साथै आँखाको सेतो भाग निलो देखिनु (ब्लु स्केरा), कान कम सुन्नु, हात खुट्टाका हाडरु बाङगा टिङ्गगा हुने, दातमा समस्या हुने आदी यसका लक्षण हुन्। विशेषगरी हात र खुट्टाका हाडहरु बढी मात्रामा भाचिने गरेको पाइन्छ। आमाबाबुमध्ये कुनै एक जनामा यो अवस्था छ भने छोराछोरीलाई सर्न सक्ने सम्भावना ५० प्रतिशत रहन्छ।

नेपालमा ओआई भएका बिरामीलाई बोक्सी लागेको, देवी लागेको, नाग लागेको भन्दै धामीझाक्री र जन्तर-मन्तर गर्ने गरिएको पनि पाइन्छ।

उपचारपश्चात् पनि एकपछि अर्को पटक हाड भाँचिदै जानाले बिरामी मात्र नभई परिवारका सबै सदस्यहरुमा नैराश्यता र चिन्ता हुन जान्छ। ओआईमा धेरै पटक शरीरका विभिन्न हाडहरु भाँचिरहने हुँदा पटकपटक अस्पताल जाने, एक्स-रे गर्ने र प्लास्टर लगाउने काम भइरहन्छ। यसो भनिरहँदा समाजमा छिमेकी र नातागोताहरुले हेरचाह नगरेको, राम्रो डाक्टरसँग जाँच नगराएको, उपकरणयुक्त अस्पतालमा उपचार गराउन नलगेको आदीजस्ता आरोपहरु लगाउने गरेको पाइन्छ।

परिवारलाई पहिलेदेखि चिन्ता र पीडा त हुँदै छ समाजबाट विभिन्न नकारात्मक कुराहरु आउँदा अझ धेरै चिन्ता थपिँदै जान्छ। यसले डिप्रेसन हुने संभावना समेत रहन्छ। यदि यो अवस्थाबारे सबैलाई थाहा हुन्थ्यो भने समाजबाट ओआई भएको व्यक्ति र परिवार दुबैलाई सहयोग र सदभाव मिल्छ। परिवारले राम्रोसँग हेरचाह एवम् स्याहारसुसार गर्ने अवसर पाउन सक्छन्।

**'ओआइ'का प्रकार र लक्षण:**

प्रकार-१ : १८ वर्षसम्मको उमेरमा धेरै पटक हाड भाँचिरहेने, दाँत कमजोर हुने, आँखाको सेतो भाग निलो हुने, मांशपेसी र जोर्नी दुख्ने, कान कम हुने सम्भावना हुन्छ।

प्रकार-२ : यो ओआईको अलि जटिल प्रकार नै मानिन्छ। शरीरको उचाइ कम हुने, फोक्सोको विकास राम्रोसँग नहुने र श्वासप्रश्वाससम्बन्धी समस्या हुने, भाचिने क्रम बड्दै जाने, अध्ययनले यो प्रकार रोग हुनेको आयु कम हुने देखाएको छ।

प्रकार-३ : यो चाँहि ओआईको सबै भन्दा जटिल प्रकार हो। यसमा निकै नै कमजोर हड्डी हुने, हड्डीको विकास नै राम्रोसँग नभएको, गर्वमै हाड भाचिएको हुने, शरीरको उचाइ कम हुने, आँखाको सेतो भाग पुरै निलो देखिने (हुने), अनुहारको आकार त्रिकोणारात्मक हुने जोर्नीहरु खुकुलो र हात र खुट्टाको मांशपेसीहरूको पूर्ण विकास नहुने, दाँत कमजोर हुने, श्वासप्रश्वासमा समस्या, करडको आकार गोलाकार हुने, शरीरका हाडहरु बांगोटिंगो हुने, मेरुदण्ड बाङ्गिने श्रवणशक्ति कमजोर हुने कहिलेकाहीँ कान नसुन्ने, बच्चा अवस्था मै मृत्यु हुने सम्भावना हुन्छ।

प्रकार-४ : यो प्रकारका रोगीहरुको लक्षण प्रकार १ र ३ सँग मिल्दोजुल्दो हुने गर्छ। १८ वर्षअघिसम्म हाड भाचिने क्रम बढ्दै जाने, सामान्यभन्दा शरीरको उचाइ काम हुने, करडको आकार गोलाकार हुने, शरीरका हाड बांगिने, आँखाको सेतो भाग निलो हुने, श्रवणशक्ति कम्जोर हुने, दाँतमा समस्या भईरहने, हाड हेर्दा जाली जस्तो देखिने यसका प्रकार ४ का लक्षण हुन्।

प्रकार-५ : यो प्रकारका रोगीको अवस्था प्रकार ४ सँग मिल्दोजुल्दो हुन्छ। तर दाँत भने सामान्य हुन्छ।

प्रकार- ६ : यो प्रकारको पनि ओआई प्रकार-४ जस्तै देखिन्छ। सुक्ष्मदर्शक यन्त्रले हेर्दा यो प्रकारको ओआई हुने व्यक्तिको हाडको अवस्था माछाको कत्लाजस्तो देखिन्छ। यो प्रकारको अवस्थामा पहिले सामान्य देखिन्छ। तर विस्तारै रोग जटिल हुँदै जान्छ। भाँचिने क्रम बढ्नेलगायतका समस्या थपिँदै जाने हुन्छ। ४ देखि १८ महिनाबाट हाड भाँचिन सुरु हुन्छ।

प्रकार- ७ : सातौं प्रकारमा प्रकार-४ कै लक्षण देखिन्छन्। बिरामीको टाउको सानो र अनुहार गोलाकार हुने, शरीरको उचाइ कम हुने, पाखुराको हाड र तिघ्राको हाड छोटो हुने जस्ता लक्षण देखिन्छ।

प्रकार- ८ : आँखाको सेतो भाग बढी सेतो हुने, बच्चाको उचाइ काम हुने, हड्डीमा हुनु पर्ने क्याल्सियम तथा अन्य रासायकिन तत्वको कमी हुने प्रकार-८ का लक्षण हुन्।

यसरी ओआईका आठ प्रकार मध्ये बिरामीको लक्षणअनुसार यसको प्रकार पत्ता लगाइन्छ। डिएनए परीक्षण गरेर पनि ओआइको प्रकार पत्ता लगाउने अभ्यास छ।

**विसबोन डे:**

ओआईबारे जनचेतना गराउने कार्यक्रमलाई विसबोन डे भनिछ। यो शब्दको उत्पत्ति सन् २००८ मा भएको र यसको व्यापक प्रयोग र प्रचार भने २००९ देखि अष्ट्रेलियाबाट सुरु भएको हो।

२०10 सम्म आउदा लगभग २२ वटा देशले विसबोन डे मनाएका थिए। नेपालमा पनि २०११ मा केही पोस्टर र पम्पलेटहरु बाँढेर पोखराका विभिन्न ठाउँमा जनचेतना बढाउने काम भएको थियो। २०२१ सम्म आउँदा ९० राष्ट्रमा विसबोन डे मनाइयो भने २०२२ मा पुग्दा १३० राष्ट्रले पहेंलो कपडा लगाएर बिभिन्न प्रकारका जनचेतनामूलक कायक्रमहरु गरी विसबोन डे मनाएका थिए।

विकसित देशमा उपचार पद्धितिमा नयाँ आयाम विकास भइरहेका छन्। हेरचाह गर्ने तौरतरीकामा नयाँ प्रविधि र आयाम विकास भइरहेको छ।

यस बारे जनचेतना अभिवृद्धि गर्ने र अभिभावकका दुःख र खुशी एक आपसमा साट्ने उदेश्यले सामाजिक सञ्जालहरुमा ओआइ ग्रुप र ओआइ फाउन्डेसन खोलिएका छन्। तर नेपालमा यसबारे चेतनाको कमी भएको महसुस भईरहेको छ। नेपाली समाजमा घरमा फरक क्षमता अपाङ्ता भएको ब्यक्ती) छ भने उसलाई विभिन्न अवसरबाट पछाडि राख्ने कुसंस्कार छ। अपाङ्ता भएको ब्यक्ती घरमा भएकाले समाजमा उसको शिर उचो हुदैन भन्ने अन्धविश्वासले गर्दा यस्ता घरमै राख्ने गरिएको पाइएको छ।

रोग लाग्नु कुनै अपराध होइन, बरु रोग र रोगीलाई लुकाएर राख्नु, उपचार नगर्नु नगराउनु अपराध हुन सक्छ। यो रोग लागेपछि सबै खत्तमै हुने, बर्बादै हुने, परिवार तथा रोगी दुबैको जीवनमा पिडा हुने भन्ने होइन।

बिरामीको अस्थिपञ्जर प्रणाली कमजोर हुने भएपनि उसको दिमाग कमजोर हुँदैन। हामीले उनीहरुलाई सकारात्मक सोच र प्रेरणा दिन सक्यौं भने अवश्य पनि उनीहरु सामान्य जिवन जिउन सक्छन्। हौसला, सकारात्मक सोच र प्रेरणा र सहयोगको खाँचो ओआइका अत्यावश्यक कुराहरु हुन।

अन्य विकसित देशमा ओआइ भएका व्यक्तिले सामान्य जीवन बिताइरहेका छन्। तर हाम्रो देशमा सामान्य जीवन बिताउन घेरै गाह्रो छ। बालबालिकाको हाड बढी भाँचिने जोखिम भएकाले व्हिलचेयर प्रयोग गरिरहनु पर्ने हुन्छ। हाम्रो समाजमा सबै स्कुल, कलेज पार्क तथा रेस्टुरेन्ट र होटेलमा ह्विलचेयर प्रयोग गर्ने मिल्ने गरी बनाइएको हुँदैन। जसले गर्दा यो अवस्थाका मानिसले सामान्य जीवनयापन गर्न गाह्रो छ।

यद्यपि सचेतना तथा जनचेनतामुलक कार्यक्रमहरुले गर्दा समाजमा हेर्ने दृष्टिकोणमा फरक आएको छ भने ओइ भएका ब्यक्तीहरुमा पनि सकारात्मक सोचको बिकास भएको छ। त्यसैले जनचेतनामुलक कार्यहरुलाई एक दिन मात्र होइन हरेक दिन गरिरहनु पर्दछ। स्वास्थ्य खबरबाट


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# सवारी दुर्घटनामा एक बालक, चार बालिकासहित २० जना घाइते

**राजविराज**/गत साता सप्तरीमा भएको विभिन्न सवारी दुर्घटनामा एक बालक, चार बालिकासहित २० जना घाइते भएका छन् ।

जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका २ सकरदही पुल नजिकै बिहीबार राजबिराज भारदह सडक खण्डमा राजबिराजबाट बिराटनगरतर्फ जाँदै गरेको को.१ज.२५०५ न. को बिङगरले स्थानिय पिन्टु गोइतका ८ वर्षिय छोरा आर्यान गोइतलाई ठक्कर दिएको छ ।

सो ठक्करबाट बालकको टाउको, बायाँ घुडामा चोट लागेकोले भारदह अस्पतालमा उपचार भइरहेको तथा गाडी र चालक इलाका प्रहरी कार्यालय भारदहको नियन्त्रमा रहेको छ ।

यस्तै बिहीबारै जिल्लाको छुट्टाछुट्टै दुई स्थानमा भएको सवारी दुर्घटनामा परि श्रीमान श्रीमतीसहित चार जना घाइते भएका छन् ।

जिल्लाको सप्तकोशी नगरपालिका २ परसा चोकस्थित कंचनपुरबाट फत्तेपुरतर्फ आउदै गरेको बा.४ख. ६५७५ नं. को हायसले ठक्कर दिँदा मोटरसाइकलमा सवार श्रीमान श्रीमती घाइते भएका हुन् ।

बा.४९प.३१९१ नं. को मोटरसाइकललाई हयासले पछाडिबाट ठक्कर दिदा मोटरसाइकल चालक कंचनरुप ७ बस्ने ४२ वर्षिय पशुराम बस्नेत र पछाडी सवार उनकी श्रीमति ४० वर्षिया रेखा बस्नेत घाइते भएको प्रहरीले जनाएको छ ।

दुवै जनालाई उपचारका लागि बिराटनगर पठाईएको र घटनाबारे थप अनुसन्धान तथा हायस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै बिहीबारै कंचनरुप १० बदगामास्थित पुर्व पश्चिम लोकमार्गमा एक मोटरसाइकलले अर्को मोटरसाइकललाई ठक्कर दिँदा दुबैका चालक घाइते भएका छन् ।

पश्चिमबाट पुर्वतर्फ जादै गरेकोको प्र.१-०२-०५० प.६३६३ नं. को मोटरसाइकलले सोही दिशा तर्फ जादै गरेको को.८प.९६३९ नं. को मोटरसाइकललाई ओभर टेक गर्ने क्रममा ठक्कर दिएको प्रहरीले जनाएको छ ।

ठक्करबाट प्र.१-०२-०५० प.६३६३ नं. को मोटरसाइकल चालक कंचनरुप ६ बस्ने ३५ वर्षिय एगेश राज शर्मा र को.८प.९६३९ नं. को मोटरसाइकल चालक वडा नं. १० बदगामा बस्ने ३५ वर्षिय भरत प्रसाद गुप्ता घाइते भएका हुन् ।

घाइते दुबै जनालाई उपचारका लागि धरान घोपा अस्पतात तर्फ पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि राजबिराज नगरपालिका ११ झल्हिस्थित बुधबार मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालकसहित दुई जना घाइते भएका छन् ।

पुर्वबाट पश्चिमतर्फ आउदै गरेको प्र.२-०३-००८प.८०७२ नं.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक वडा नं. १० निवासी १७ वर्षिय सचिन्द्र यादव र पछाडी सवार १९ वर्षिय इशरुल मियाँ घाइते भएका हुन् ।

घाइते दुबैको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भईरहेको तथा मोटरसाइकल नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

जिल्लाको सुरुङगा नगरपालिका २ चहका खोलास्थित सोमबार ट्याक्टरको ठक्करबाट एक युवक घाइते भएका छन् । खडक नगरपालिका ४ बाट आएको स.१त.५२९२ नम्बरको ट्याक्टरलाई चहका खोलमा बालुवा लिन आएको नम्बर नखुलेको ट्याक्टरले ठक्कर दिदाँ स्थानिय २० वर्षिय दिलिप कुमार साह घाइते भएका छन् । उनको छातिंमा चोट लागेकोले लहानस्थित सप्तऋषी अस्पताल उपचारका लागि लगिएको प्रहरीले जनाएको छ ।

ट्याक्टर चालक फरार रहेकाले प्रहरीले ट्याक्टरलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै अग्निसाईर कृष्णसावरण गाउँपालिका १ जन्डोलस्थित भित्रि सडक खण्डमा आफै अनियन्त्रित भई विंगर पोखरीमा दुर्घटना हुँदा पाँच जना यात्रु घाइते भएका छन् ।

उत्तरबाट दक्षिणतर्फ जादै गरेको ना.१ज.८७६३ नं. को विङगर मंगलबार आफै अनियन्त्रित भई सुखा पोखरीमा दुर्घटना हुदा विङगरमा सवार कंचनरुप ६ निवासी ५० वर्षिया बसिया देवी चौधरी, बिरेन कुमार चौधरीकी १६ वर्षिया छोरी सन्तोषी कुमारी चौधरी, खडक ९ बस्ने ब्रहमदेव चौधरीकी १६ वर्षिया छोरी सन्तोषि चौधरी,१८ वर्षिया अन्जलि चौधरी र शम्भुनाथ उतराही टोल निवासी ५० वर्षिया माया देवी चौधरी घाइते भएका छन् ।

घाईते सबैको धर्मेश्वर अस्पताल ठेलियामा उपचार भईरहेको तथा फरार रहेका विङगर चालकको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

रुपनी गाँउपालिकास्थित ५ पाँच किलोमा बसले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल पछाडी सवार महिला घाइते भएकी छिन् । रुपनी राजबीराज सडक खण्डमा दक्षिणबाट उत्तरतर्फ आउदै गरेको मे.१ख.२२०९ नं.को बसले सोहि दिशा तर्फ आउदै गरेको स.८प.६२६९ नं.को मोटरसाइकलाई पछाडीबाट ठक्कर दिदा मोटरसाइकल पछाडी सवार शम्भुनाथ नगरपालिका १ खोकसर निवासी शोभाकान्त चौधरीको २८ वर्षिया श्रीमती निशा चौधरी घाइते भएकी छिन् ।

उनको ढाडमा चोट लागेकोले स्थानिय रुपनी मेडिकलमा उपचार भईरहेको तथा मोटरसाइकल र ठक्कर दिने बस तथा चालकलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता कंचनरुप नगरपालिका ८ बेरियर चोकमा गत आइतबार ट्याक्टरले चार वटा साइकललाई ठक्कर दिदा चारै जना साइकल यात्री बालिका घाइते भएका छन् । पुर्व पश्चिम लोक मार्गमा पश्चिमबाट पुर्वतर्फ जादै गरेको नम्बर नदेखिएको ट्याक्टरले सोहि दिशा तर्फ जादै गरेको चार वटा साईकललाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

ठक्करबाट साईकल यात्रीहरु कंचनरुप नगरपालिका १० बस्ने १६ वर्षिया श्रृति कुमारी कुसैयत, १६ वर्षिया प्रिया कुमारी यादव, १६ वर्षिया ईशा चौधरी र वडा नं. ८ बस्ने १४ वर्षिय गजु मण्डल घाइते भएका छन् ।

उनीहरु चारै जनाको स्थानिय धर्मेश्वर अस्पताल ठेलियामा उपचार भईरहेको सबै घाईतेको अवस्था सामान्य रहेको तथा ट्याक्टर र साईकललाई नियन्त्रणमा लिँदै फरार चालकको खोजतलास जारि रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बलानबिहुल गाउँपालिका ६ सेहरा चौकस्थित हुलाकी राजमार्गमा बाखालाई ठक्कर दिएर मोटरसाइकल अनियन्त्रित भई दुर्घटनामा हुँदा दुई जना घाइते भएका छन् । पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको बा९१प.९४६२ न. को मोटरसाइकलले बाखालाई ठक्कर दिँदा अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ ।

उक्त ठक्करबाट बाखा मरेको तथा माटरसाइकल चालक जिल्लाकै सुरूङगा नगरपालिका ३ करहर्वा बस्ने २६ वर्षिय शम्भू कुमार साह र पछाडी सवार अर्को युवक घाइते भएका छन् ।

उनको हात र खुट्टामा चोट अवस्था सामान्य रहेको र सोहि मोटरसाइकल पछाडी सवार डाक्नेश्वरी ५ तरही बस्ने २५ वर्षिय युवकको चिउँडो, टाउको र शरीरको बिभिन्न भागमा चोट लागेकोले दुबै जनालाई बिराटनगरस्थित नोबेल अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

# वन क्षेत्रको अतिक्रमणबारे चार बुँदे निर्णय

**राजविराज**/वन क्षेत्रको अतिक्रमण हटाई बृक्षारोपन क्षेत्रको बिस्तार र ब्यवस्थापन, वन डढेलो नियन्त्रण, सचेतना लगायतका चार बुँदे कार्यक्रम प्रभावकारी ढंगले अघि बढाउने निर्णय भएको छ ।

डिभिजन वन कार्यालय सप्तरीको आयोजनामा सरोकारवाला कार्यालय तथा सुरक्षा निकायका प्रमुख समेतको सहभागितामा बसेको बैठकले वन क्षेत्रलाई जोगाउन र डढेलो नियन्त्रणका लागि चार बुँदे निर्णय भएको डिभिजन वन कार्यालयका प्रमुख हेमन्त प्रसाद साहले जानकारी दिएका छन् ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको अध्यक्षतामा बसेको बैठकले सुरुङ्गा नगरपालिका २ स्थित भलुवाई सामुदायिक वनको ब्लक नं. १ भित्र स्थानिय उपभोक्ता समूहले खेतीपाती गर्दै आइरहेकोमा उक्त क्षेत्रमा नापी कार्यालयबाट प्राविधिक टोली परिचालन गरि वन क्षेत्रको जग्गा छुट्याउने र तारबारले घेरबार गरि बृक्षारोपण कार्य बिस्तार गर्ने निर्णय गरेको छ ।

यस्तै वन क्षेत्रको नयाँ अतिक्रमण कार्यलाई पूर्णरुपमा नियन्त्रणमा लिनुका साथै वन क्षेत्रभित्र हुन सक्ने डढेलो नियन्त्रणका लागि वन कार्यालयको संयोजनमा सुरक्षा निकाय, स्थायिन निकाय र समुदायिक वन उपभोक्ता समूह लगायतका सरोकारवालाको सहयोगमा सचेतना जागरण, पर्चा पम्प्लेट टाँस तथा बितरण, वन क्षेत्रमा पानी ट्ङयांकी ब्यवस्थापन लगायतका कार्यहरु अघि बढाउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी थापाले बताए ।

बैठकमा नेपाली सेना बरख गणका गणपति दुर्गा बहादुर थापा, नापी कार्यालयका प्रमुख शत्रुहन प्रसाद यादव, प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्की, शसस्त्र प्रहरीका नायब उपरिक्षक एकराज बुर्लाकोटी, भुमिसुधार तथा मालपोत कार्यालयका निमित्त प्रमुख कालीप्रसाद साह, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टिकाप्रसाद पोखरेल लगायतको सहभागिता रहेको थियो ।

# लागुऔषधसहित दुई पक्राउ

**राजविराज**/सप्तरीको बोदेबर्साइन नगरपालिका वडा नं. १० खडकपुरबाट दुई जनालाई बुधबार लागुऔषध प्रहरीले पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय बोदेबर्साईनबाट खटेको गस्ति टोलिले दक्षिणबाट उत्तरतर्फ आउँदै गरेको स.६प.७३४७ नं.को मोटरसाइकललाई शंका लागि रोकेर चेक जाँच गर्दा उक्त लागुऔषध फेला परेको प्रहरीले जनाएको छ ।

जिल्लाको सुरुङगा ८ मलहनवा बस्ने ३४ वर्षिय धर्मदेव साह र सोहि मोटरसाइकल पछाडी सवार १९ वर्षिय अनिल कुमार साहलाई नवकार्भ १ सय पिस, ओलाडक ५० पिस र जेपसन १० पिस ट्याबलेटसहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

लागुऔषधसहित नियन्त्रणमा लिईएका दुबैजनामाथी थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल.** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# बैरवामा आगलागि हुँदा ४४ लाख भन्दा बढीको क्षति



**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिका १ बैरवा टोलमा मंगलबार आगलागि हुँदा ४४ लाख मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ।

अचानक लागेको आगोमा नगद ७ लाख १० हजार पनि जलेर नष्ट भएको छ।

स्थानिय कलिम शेखको आफ्नै सुत्ने फुसको घरमा अचानक आगलगि हुदाँ घरसहित समपूर्ण सामान जलेर नष्ट हुनुका साथै आगो फैलिएर ६ जना छिमेकीको पनि घर, नगद, सुनचादी, लत्ताकपडा तथा अन्य सामानहरुसमेत जलेर नष्ट हुँदा उक्त मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

आगलागिमा कलिम शेखको घर भित्र रहेको ल्यापट, ३ थान मोबाईल तथा नगद २५ हजारलगायत अन्य सामाग्रिहरुसहित १० लाख, हदिसा खातुन नगद १२ हजारसहित अन्य सामाग्रिसहित १ लाख ५० हजार, ईस्लाम शेखको नगद ४ लाख र अन्य सामाग्रिहसहित १० लाख, अशलम शेखको विभिन्न सामानहसहित ७ लाख, आशिस शेखको नगद १ लाख ३५ हजार तथा अन्य सामाग्रिसहित १० लाख र लजिना खातुनको घरसहित ६ लाख मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आगो कञ्चनपुरबाट खटिएको टोली, स्थानियबासि, कंचनरुपको दमकल तथा सशस्त्र प्रहरीको सहयोगमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

यस्तै सोही दिन कंचनरुप नगरपालिका १ महादेवपट्टि निवासी भटन शेख घर नजिकै रहेको परालको टालमा अचानक आगलागि हुँदा २० हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

उक्त आगो स्थानियबासी, नेपाल प्रहरी र हनुमाननगरको दमकलको सहयोगमा नियन्त्रणमा लिइएको जनाइएको छ।

यसअघि सजिल्लाको राजगढ गाउँपालिका ६ फकिरामा गत आइतबार आगलागि हुँदा स्थानिय फुल महम्मद मंसुरीको घर जलेर नष्ट भएको छ।

प्रहरीका अनुसार अचानक आगलागि हुँदा उनको घर र घर भित्र रहेको लताकपडा, अन्नबालि, खाट, कुखुराको खोर गरी २ लाख मुल्य बराबरको क्षति भएको छ।

# चन्दा सहयोग संकलन अभियान तथा कागज गरेर साहु महाजनसँग ऋण उठाएर ल्याए सदाको शव

**राजविराज**/चार दिनदेखि विराटनगरस्थित न्युरो अस्पतालले बन्धक बनाएर राखिएको समाजिक अभियन्ता दलित अगुवा ३८ वर्षिय बीरेन्द सदाको शव शुक्रवार आफन्तजनले घर ल्याएर अन्त्येष्टि गरेका छन्।

समाजिक क्षेत्रमा सक्रिय रहेका सदाको शव ल्याउन परिवारजनले चन्दा सहयोग संकलन अभियान मात्र थालेनन् कागज गरेर साहु महाजनसँग २ लाख रुपैया ऋण समेत उठाएका छन।

उपचार खर्चको बाँकि बक्यौता रकम तिर्न नसकेपछि गाउँघरमा डुल्दै तथा समाजिक संजाल मार्फत सहयोगको याचना र कपाली कागज गरेर साहु महाजनबाट प्राप्त भएको रकमबाट बुबाको उपचार खर्च बुझाई शव ल्याएको छोरा अंकितले बताए।

अति विपन्न परिवारका सिरहाको मिर्चैया नगरपालिका ५ निवासी सदालाई ब्रेन ह्यामरेज भएपछी परिवारले उपचारका लागी चैत २८ गते विराटनगरको न्यूरो अस्पतालमा पुऱ्याएका थिए। २० दिन पछी बैशाख १९ मा उनको मृत्यु भयो।

उपचार वापतको सम्पुर्ण रकम तिरेर मात्रै शव लैजान पाउने भन्दै अस्पतालले रोकेपछी सदा परिवार रकमको जोहो गर्न भौंतारिका थिए। आर्थिक अवस्था कमजोर भएकाले उपचार वापतको बाँकी रकम तिर्न न सक्ने अवस्था उत्पन्न भएपछी सदा परिवारले सुरुमा स्थानीय साहुसंग हार गुहार गरेर कागज गरी २ लाख जुटाएर औषधी पसल र अस्पताललाई बुझाएको मृतककी श्रीमती मालतीले बताइन।

अस्पताल नजिकै रहेको आर्यन फार्मेसीलाई औषधी खरिद गरे वापतको २ लाख भन्दा बढी तथा श्रीमानको उपचारमा लागेको रकम मधये २ लाख भन्दा बढी रुपैया बुझाएर शुक्रवार साँझ अस्पतालबाट शव बुझेको मृतकका पत्नी मालतीले बताईन।

रकम संकलन भएपछी शुक्रवार अस्पताल र औषधी पसलको बक्यौता रकम बुझाएर बुआको शव पाएको छोरा अंकितले बताए। चन्दा संकलनमा सघाएका पचु माझीले शुक्रबार दिउँसोसम्म विभिन्न दाताहरुबाट २ लाख २० हजार रुँपैया सहयोगवापत प्राप्त भएको जानकारी दिए।

औषधी र उपचार खर्च जुटाउन् समाजसेवी दलित अगुवा पचु माझी मुसहरले समाजिक संजाल मार्फत अभियान चलाएको र त्यसपछी सहयोगी हातहरु थपिदै गएको अंकितले सुनाए।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## कङ्गोमा बाढीका कारण एक सयभन्दा बढीको मृत्यु

**किन्शासा**/पूर्वीकङ्गोको दक्षिणी किभु प्रान्तमा रातभर परेको भीषण वर्षाका कारण आएको बाढी र पहिरोमा परी १०० भन्दाबढी व्यक्तिको मृत्यु भएको छ।

क्षेत्रीय सरकारी अधिकारी थोमस बेकेन्गेले कालेहेको प्रभावित क्षेत्रको निरीक्षण गरेपछि सो बारे जानकारी दिएका हुन्।

उनले नजिकैको किभु तालको किनारबाट शव सङ्कलन भइरहेको पनि बताएका छन्। बिहीबार साँझबाट शुरु भएको भारी वर्षापछि दुईवटा नदीले आफ्नो किनार तोडेर विनाश मच्चाएका छन्। त्यसैगरी पहिराले सयौं घर ध्वस्त भएका छन् भने अन्य ठूलो धनजनको क्षति भएको बताइएको छ।

न्यामुकुबी गाउँका ७५ प्रतिशतभन्दा बढी घर बाढीले बगाएको स्थानीय बासिन्दाले अनुमान गरेका छन्। एजेन्सी

## अमेरिकी लडाकु विमान दक्षिण कोरियामा दुर्घटनाग्रस्त

**सियोल**/अमेरिकी सेनाको लडाकु विमान शनिबार दक्षिण कोरियामा दुर्घटनाग्रस्त भएको छ। तर दुर्घटनामा कुनै हताहती भने नभएको योनहाप समाचार संस्थाले जनाएको छ।

एफ-१६ लडाकु विमान राजधानी सियोलबाट करिब ७० किलोमिटर दक्षिणमा रहेको प्योङटेकमा स्थानीय समयअनुसार बिहान ९:३१ बजे खेतबारीमा दुर्घटनाग्रस्त भएको थियो।

युनाइटेड स्टेट्स फोर्सेस कोरियाको प्रमुख सैन्य अड्डा रहेको शहर हो। दुर्भाग्यपूर्ण लडाई विमानमा सवार एक पाइलट दुर्घटना हुनुअघि भागेका थिए।

लडाकु विमानको अधिकांश भाग जलेको छ। घटनास्थल नजिक कुनै घर लगायत अन्य संरचना नभाएकाले अरु कुनै क्षति नभएको प्रहरी अधिकारीले बताएका छन्। एजेन्सी

## युएईद्वारा सर्बियामा भएको सामूहिक गोलीकाण्डको कडा निन्दा

**अबु धाबी**/युएईले सर्बियामा भएको सामूहिक गोलीकाण्डको कडा निन्दा गरेको छ। उक्त गोलीकाण्डमा धेरैको मृत्यु भएको थियो भने ठूलै सङ्ख्यामा घाइते भएका छन्। परराष्ट्र र अन्तरराष्ट्रिय सहयोग मन्त्रालयले यस किसिमका आपराधिककार्यको कडा निन्दा गरेको छ। साथै शान्ति र स्थिरतलाई कमजोर तुल्याउँने हरेक प्रकारका हिंसा र आतङ्कवादको बिपक्षमा रहेको पनि स्पष्ट पारेको छ। एजेन्सी

## पाकिस्तानी एयरलाइन्सले बेइजिङको भाडा ३० प्रतिशतले घटायो

**इस्लामावाद**/पाकिस्तान इन्टरनेशनल एयरलाइन्स (पीआईए) ले दुबै देशका यात्रुलाई सुविधा दिने उद्देश्यले बेइजिङको हवाई भाडा ३० प्रतिशतले घटाएको छ।

पीआईएका प्रवक्ताले शनिबार दिएको जनाकारीअनुसार विद्यार्थी र व्यवसायीको बारम्बारको आग्रहलाई ध्यानमा राखेर कम्पनीले भाडा घटाएको पीआईएका प्रवक्ता अब्दुल्लाह हफिज खानले बताएका छन्।

"बेइजिङका लागि उडान पुनःसशुरु गरेपछि ठूलो सङ्ख्यामा विद्यार्थी र व्यवसायी चीन पुगेका छन्। उनीहरूले पीआईएलाई कोभिड-१९ को पूर्वटिकट मूल्यमा भाडा समायोजन गर्न बारम्बार अनुरोध गरेका त थिए त्यसैले हामीले द्विपक्षीय यात्रालाई सहज बनाउन यो गर्यौंक," खानले सिन्ह्वालाई भने।

गत वर्षको डिसेम्बरयता हवाई भाडा २३ प्रतिशत र पछि २७ प्रतिशतले घटाइएपछि विद्यार्थीले भाडामा तेस्रो पटक छुट पाउने भएका छन्।

स्टेट बैंक अफ पाकिस्तानले जनाएअनुसार पाकिस्तानी रुपैयाँ अमेरिकी डलरको तुलनामा फेब्रुअरी २०२० देखि ८४ प्रतिशतले अवमूल्यन भएको छ जसले हवाई भाडा अकासिएको छ। एजेन्सी

## सजावट सामग्रीको गोदाममा भीषण आगलागी हुँदा तीन जनाको मृत्यु

**पुणे (महाराष्ट्र)**/महाराष्ट्रको पुणेको बाघोली क्षेत्रमा शुक्रबार अबेर राति सजाबट सामग्रीको गोदाममा भएको भीषण आगलागीमा तीन जनाको मृत्यु भएको छ। आगो तत्कालै दमकलको सहायताले नियन्त्रणमा लिइएको थियो।

"पुणेको बाघोली क्षेत्रमा हिजो राति सजाबट सामग्रीको गोदाममा आगलागी हुंदा तीन जनाको मृत्यु भएको भएको र आगो तुरुन्तै नियन्त्रणमा ल्याइएको थियो", अधिकारीले भनेका छन्। आगलागीको कारण भने खुल्न सकेको छैन। यस बारे अनुसन्धान जारी छ। एजेन्सी

# स्वास्थकर्मीहरूको पेशागत हकहितका लागि एकजुट हुनुपर्नेमा जोड



**राजविराज**/मधेशी स्वास्थकर्मी फोरम नेपालको तेस्रो जिल्ला अधिवेशन शनिबार राजविराजमा सम्पन्न भएको छ।

सो अवसरमा राजविराज नगरपालिकाकी कार्यवाहकप्रमुख ईसरत परविनले समुदायमा स्वास्थ सेवालाई सरल, सुलभ, ब्यबस्थित, मर्यादित बनाई उचाईमा पुऱ्याउनुपर्ने बताइन्। उनले स्वास्थलाई प्राथमिकतामा राखेर बजेट बिनियोजन गर्ने प्रतिबद्धता जनाउदै राजविराज नगरपालिका मातहतका सबै स्वास्थ चौकीमा खानेपानीको ब्यबस्था गर्ने बताईन।

उद्घाटन सत्रमा बोल्दै मधेशी स्वास्थकर्मी फोरम नेपालका केन्द्रिय अध्यक्ष बालकिशोर यादब ल्याउन लागिएको संघिय निजामति ऐन स्वास्थकर्मिहरूको हकहितमा हुने शंकासँगै विभेद गर्न लागिएकोले सबै संगठित भई आन्दोलनको तयारीमा लाग्नुपर्ने बताए।

कर्मचारी समायोजन ऐनको ग्यारेन्टीको लागि सबैलाई संगठित भएर एक स्वरमा संर्घष गर्नु जरूरी रहेको उनको भनाई छ। स्थानिय तहमा सरूवा गर्ने प्राबधान सहमतिको आधारमा सरूवा गर्न सकिन्छ, ऐनमा ब्यबस्था छ, तह पनि परिवर्तन हुदैन, उनले भने।

सप्तरी जसपा जिल्ला अध्यक्ष केदार यादबले बर्गिय संगठन मजबुत नहुन्जेल पार्टी मजबुत नहुने बताउदै भने सबै संगठनहरू एकजुट एकीकृत हुनुपर्नेमा जोड दिए।

सो अवसरमा मधेश प्रदेश स्वास्थकर्मी नेपालका अध्यक्ष शिव शंकर यादबले स्थानिय तहमा स्वास्थकर्मि कर्मचारीलाई प्रदेशस्तरमा समायोजन र सरूवा बढुवाको प्राबधान राख्नुपर्नेमा जोड दिए। उनले मधेशी स्वास्थकर्मी फोरमको हरेक पालिकामा संगठन बिस्तार गरी एकजुट हुनुपर्ने बताए।

यसैगरी मधेशी स्वास्थकर्मी फोरम नेपालका केन्द्रिय सदस्य देव चौधरीले स्वास्थकर्मिको पेशागत हकहितका लागी देखिएका समस्याहरूप्रति संगठन मजबुत हुनुपर्नेमा जोड दिए।

जिल्ला अध्यक्ष अध्यक्षता भूषण सुनरैतको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा स्वास्थकर्मीहरूको पेशागत हकहितका लागि सबै एकीकृत हुनुपर्नेमा सहभागीहरूले जोड दिएका छन्।

# भाउजुको हत्या गर्ने देवरलाई जन्मकैदको फैसला

**राजविराज**/सप्तरी जिल्ला अदालतले पेट्रोल छर्केर जलाएर भाउजुको हत्या गर्ने देवरलाई जन्मकैदको फैसला सुनाएको छ।

सप्तरी जिल्ला अदालतका न्यायाधिश हर्कबहादुर क्षेत्रिको इजलाशले कर्तब्य ज्यान मुद्दाको सुनुवाई गर्दै सो फैसला सुनाएको हो।

मृतकका बुबा बद्रि साहको जाहेरीले सप्तरीको बोदेबरसाइन नगरपालिका १ निवासी २२ वर्षिय देवर परमेश्वर साहले घरायसी विवादमा २७ वर्षिया भाउजु राजकुमारीलाई पेट्रोल छर्केर आगो लगाई ज्यान मारेको अभियोगमा जन्मकैद र ३ लाख क्षतिपूर्ती भराउने अदालतले फैसला पनि गरेको छ।

यस्तै बयान फेरेको आरोपमा मृतकका पति २९ वर्षिय रबिन समेतलाई ५ दिन कैद र २ हजार जरिवानाको फैसला भएको अदालतले जनाएको छ।

२०७८ साल माघ २१ गते घरमा खाना पकाइरहेका बेला अचानक पछाडीबाट आएका देवर परमेश्वरले पेट्रोल खन्याई आगो लगाइदिदा राजकुमारी गम्भिर घाइते भएको र उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले अदालतमा पेश गरेको कागजात प्रमाणमा उल्लेख छ।

सुरुमा मृतककी ५ वर्षिया छोरी पूजा र पति रबिनले पनि परमेश्वरले आगो लगाएर मारेको बयान दिएका थिए। तर, राजकुमारीको मृत्यु भएपछि पति रबिनले भने भाईसँग मिलि बयान फेरेकाले उनलाई पनि झुठा बकपत्र बापत कैद सजाय तोकिएको अदालतले जनाएको छ।

# कारागारको अतिक्रमित जग्गा खाली गराउन १५ दिने सूचना जारि गर्दै

**राजविराज**/स्थानिय प्रशासनले राजविराज कारागारको अतिक्रमित जग्गा खाली गराउन १५ दिने सूचना जारि गर्ने निर्णय ग रेको छ। शुक्रबार कारागार परिसरमै सर्वपक्षिय बैठक बसि अतिक्रमित जग्गा खाली गराउने निर्णय गरेको हो।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरिक्षण नरेन्द्र कार्की, कारागार प्रशासन तथा सरोकारवालाहरु सम्मिलित सर्वपक्षिय बैठकले आइतबार अतिक्रमित जग्गा खाली गराउने बारे सूचना प्रकाशित गरि प्रक्रिया अघि बढाउने निर्णय गरेको छ।

कारागारको कुल २ विगहा १३ कठ्ठा १९ धुर जग्गा रहेकामा १ विगहा ६ कठ्ठा १२ धुर जग्गा अतिक्रमणको चपेटमा परेको छ। सो जग्गामा विभिन्न व्यक्तिले अतिक्रमण गरि घरटहरा नै निर्माण गरेकाले १ विगहा ७ कठ्ठा ७ धुर जग्गा मात्र कारागारले उपभोग गर्न पाएको र यसले कैदीबन्दीको ब्यवस्थापन र कारागार सुरक्षामा समेत समस्या भइरहेको कारागार प्रशासनले जनाएको छ।

हाल कारागारमा कैदीबन्दी राख्ने भवन समेत जिर्ण अवस्था पुगेको छ। कारागारको १ सय २५ जना कैदीबन्दी राख्ने क्षमता रहेकोमा अहिले ३ सय भन्दा बढी कैदीबन्दी सो कारगारमा रहेका छन्।

यसअघि २०६६ साल चैत १२ गते पनि कारागार व्यवस्थापन विभागले जिल्ला प्रशासन कार्यालयलाई कारागार क्षेत्रमा भएको अतिक्रमण हटाउन पत्राचार गरेको थियो। तर विविध कारण देखाई अतिक्रमण हटाउने कार्यलाई अघि बढाउन सकिएको थिएन।

यससम्बन्धमा स्थानिय प्रशासनले यसअघि पनि पटक पटक सूचना जारि गर्दै कारागार क्षेत्रमा भएको अतिक्रमित जग्गा खाली गर्न समयसीमा नै तोकेर आग्रह गरे पनि वेवास्ता गरिदै आएको थियो।

यता कारागारको अतिक्रमित जग्गा खाली गराउने चर्चा फेरी सुरु भएसँगै वर्षौंदेखी त्यसक्षेत्रमा बसोबास गर्दै आएका स्थानिय बासिन्दाहरुले बैकल्पिक व्यवस्था गरेर मात्र आफुहरुलाई बिस्थापित गर्न माग गरेका छन्।

# तीन सय विपन्न परिवारको घरको छानामा जस्तापाता लगाउने निर्णय

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिकाले तीन सय विपन्न घरपरिवारका लागि फुसको छानो हटाई जस्तापाता लगाउने निर्णय गरेको छ।

प्रतिनिधी सभा सदस्य दिनेश कुमार यादवको अध्यक्षतामा बिहीबर गाउँपालिकाको सभाकक्षमा वसेको सुरक्षित नागरिक आवास समन्वय समितीको बैठकले सो निर्णय गरेको हो।

बैठकले गरिब निमुखाका लागी सुरक्षित घर बनाउन थप ३ सय परिवारको पहिचान गरी शहरी विकास मन्त्रालयबाट आवश्यक बजेटका लागी पहल गर्ने निर्णय समेत गरेको छ।

बैठकमा समितीका अर्का सदस्य जिल्ला समन्वय समितीका उपप्रमुख शम्भु यादव र सदस्य सचिव समेत रहेका सघन शहरी आयोजना कार्यालयका प्रमुख सचिन्द्र देव, रुपनी गाउँपालिकाका निमित प्रमुख प्रशासकिय अधिकृत जामुन कुमार दास लगायतको सहभागिता रहेको थियो।

उक्त पालिका क्षेत्र भित्र हाल सम्म २ सय ४६ वटा घरको फुसको छानो हटाई जस्तापाता सहितको सुरक्षित घर बनाउने काम धमाधम भइरहेकोमा थप ३ सय विपन्न परिवारका लागी त्यस्तो तयारी थालिएको गाउँपालिकाले जनाएको छ।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७**


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*